# लेखापरीक्षण प्रतिवेदन

## बेलकोटगढी नगरपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बेलकोटगढी नगरपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/170

श्रीमान् नगरप्रमुख ज्यू

बेलकोटगढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

नुवाकोट।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस नगपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/170

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् नगरप्रमुखज्यू ,

बेलकोटगढी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,

नुवाकोट।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९ करोड ६९ लाख ८१ हजार,पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१६ लाख ६१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७ लाख २९ हजार, प्रशासकिय भवन पूर्वाधार विकास आयोजना रु.१ करोड २४ लाख ५४ हजार, गरी जम्मा रु.२१ करोड १८ लाख २५ हजार समावेश गरेको छैन।

२.२. बेलकोटगढी नगरपालिकाको रू.२ अर्ब १ करोड ७६ लाख ५९ हजारको आय व्ययको लेखापरीक्षणबाट रू.१ करोड ८६ लाख ३० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.८२ लाख ८२ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रू.५ लाख १६, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४लाख २५ हजार, नियमित गर्नुपर्ने रू.६१लाख ५८ हजार र पेश्की बाँकी रू.२ लाख ४८ हजार गरी जम्मा रू. १ करोड ३ लाख ४७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.३८ करोड ८१ लाख ४८ हजार मध्ये रू.१ लाख ८७ हजार फर्स्यौट भई यसवर्षको थपसमेत गरीहालसम्म अद्यावधिक बेरुजू रू.३९ करोड ८३ लाख ८ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने बेलकोटगढी नगरपालिकासँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | १३८ | १,८६,२९,५६० | ० | ८७ | ८२,८२,३३५ | ० | ६३ | ५१ | १,०३,४७,२२५ | ५,१६,०५२ | ६१,५७,६४७ | ३४,२५,०२६ | ० | ० | ९५,८२,६७३ | २,४८,५०० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ३८,८१,४८,२९९ | | १,८७,१७५ | ३८७९६११२४ | ० | १,०३,४७,२२५ | ३९८३०८३४९ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४९.२/ ४९.३ | सामाजिक सुरक्षा | ४८,३९,२०८ |
| २ | २०८१/८२ | ३५ | श्रोतमा कर कट्टि | १,११,४८० |
| ३ | २०८१/८२ | ५४.१ | शिक्षा | ५०,००० |
| ४ | २०८१/८२ | ३२ | पारिश्रमिक कर | ४,९६० |
| ५ | २०८१/८२ | ३०.२ | परामर्श सेवा खरिद | २४,१८,२०० |
| ६ | २०८१/८२ | २९.१/२९.२ | पदाधिकारी भ्रमण खर्च | १,८८,१२५ |
| ७ | २०८१/८२ | २४ | जिन्सी दाखिला | ४,७०,७८२ |
| ८ | २०८१/८२ | ४५.४ | खरिद व्यवस्थापन | १५,००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | ३१ | कर्मचारी दोहोरो भत्ता | १,७४,७१० |
| १० | २०८१/८२ | ३९.४ | कर संकलन | ९,८७० |
| ११ | २०८०/८१ | ४९ | पेश्की बाँकी | १,७२,००० |
| १२ | २०७९/८० | ५५ | बैठक भत्ता: | ३,८२५ |
| १३ | २०७९/८० | ३८ | बैठक भत्ता | ३,८२५ |
| १४ | २०७९/८० | ५३ | बढि दरमा बैठक भत्ताः | ५,५२५ |
| १५ | २०७९/८० | ४१ | नगरसभा खर्चः | २,००० |
| जम्मा | | | | ८४,६९,५१० |

# बेलकोटगढी नगरपालिका, नुवाकोट

# ( ८०३२९४०१३०० )

# बेल्कोटगढी नगरपालिका , नुवाकोट

# परिचय

१ **परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडा रहेको छ भने क्षेत्रफल १५५.६० वर्ग किलोमिटर तथा ३५२४६ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार नगरसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

४ **लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१० देखि २०८२।०५।१४ सम्म रहेको छ ।

५ **लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

६ **लेखापरीक्षण सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

७ **आर्थिक कारोबारको स्थिति**

कार्यालयको आय – व्ययतर्फ रु.२०१७६५८७३७।७७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

८ **लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा रु. ४५२७४१। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

९ **वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचिमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

९.१ नगरपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ:

बेलकोटगढी नगरपालिका
आर्थिक वर्ष २०८१/०८२

## आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | यस वर्षको प्राप्ति रु. | कारोबार रकम रु. | विवरण | यस वर्षको भुक्तानी रु. | कारोबार रकम रु. |
| **सुरु मौज्दात** | | | **चालु खर्च** | | |
| १.संचित कोष | ८३९३३८९५.१३ | ८३९३३८९५.१३ | १. पालिका तर्फ | १६९४८८५३०.१० | १६९४८८५३०.१० |
| २.धरौटी | १९२२६८१४.२० | १९२२६८१४.२० | २. संघीय सशर्त | २८९०२५७६०.०४ | २८९०२५७६०.०४ |
| ३.कार्यसञ्चालन कोष | १५२१६९५५.४८ | १५२१६९५५.४८ | ४. प्रदेश सशर्त | १३३९६६४९ | १३३९६६४९ |
| ३.१ विविध खर्च खाता | ६६७७२५२.२७ | ६६७७२५२.२७ | **पुँजीगत खर्च** | | |
| ३.२ बिबिध कोष खाता | १२७०३८७ | १२७०३८७ | १. पालिका तर्फ | १८५९०२३६९.९५ | १८५९०२३६९.९५ |
| ३.३ आकस्मिक कोष खाता | ५१०५७५.४१ | ५१०५७५.४१ | २. संघीय सशर्त | १४८९८१३३ | १४८९८१३३ |
| ३.४ प्रकोप व्यवस्थापन खाता | ६८००७२९.८० | ६८००७२९.८० | ३. संघीय समपुरक | ८५३५०८३ | ८५३५०८३ |
| **यस वर्षको आय** | | | ४. प्रदेश सशर्त | १११६२३५१ | १११६२३५१ |
| **१.आन्तरिक आय** | | | ५. प्रदेश विशेष | ३८५७५४६.६९ | ३८५७५४६.६९ |
| १.१ आन्तरिक राजस्व | ८९०३६५२.०२ | ८९०३६५२.०२ | ६ प्रदेश समपुरक | १३७५८९८७ | १३७५८९८७ |
| १.२ दहत्तर बहत्तर शुल्क | १४४००१८८ | १४४००१८८ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | |
| १.३ घरजग्गा रजिस्ट्रेसन दस्तुर | १४९५४१७०.०६ | १४९५४१७०.०६ | क) सामाजिक सुरक्षा | १९६९८१४३९ | १९६९८१४३९ |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७२८७७२.५० | ७२८७७२.५० |
| क) समानीकरण अनुदान | १०८२७६८०० | १०८२७६८०० | ग) पर्यटन पूर्वाधार विकास आयोजना | १६६१३३८०.०५ | १६६१३३८०.०५ |
| ख) राजस्व बाँडफाँट | १०७७१०२९९.९० | १०७७१०२९९.९० | घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १२४५४४८५ | १२४५४४८५ |
| ग) सशर्त अनुदान | ३०३९२३८९३.०४ | ३०३९२३८९३.०४ | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | |
| घ) समपुरक अनुदान | ८५३५०८३ | ८५३५०८३ | विविध खर्च खाता | ७७९८४५६.०० | ७७९८४५६.०० |
| ङ) विशेष अनुदान | ० | ० | प्रकोप व्यवस्थापन खाता | ३५४६७९१.०० | ३५४६७९१.०० |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | | | | |
| क) समानीकरण अनुदान | ११९७१००० | ११९७१००० | **विविध खर्च खाता** | ७७९८४५६.०० | ७७९८४५६.०० |
| ख) राजस्व बाँडफाँट | ३११७२५९१.९२ | ३११७२५९१.९२ | **प्रकोप व्यवस्थापन खाता** | ३५४६७९१.०० | ३५४६७९१.०० |
| ग) सशर्त अनुदान | २४५५९००० | २४५५९००० | | | |
| घ) समपुरक अनुदान | १३७५८९८७ | १३७५८९८७ | **अनुदान फिर्ता** | | |
| ङ) विशेष अनुदान | ३८५७५४६.६९ | ३८५७५४६.६९ | **१. संघ तर्फ** | | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | | क) सशर्त अनुदान | ४८३७११०६.९६ | ४८३७११०६.९६ |
| क) सामाजिक सुरक्षा | १९६९८१४३९ | १९६९८१४३९ | ख) समपुरक अनुदान | ६१४९१७ | ६१४९१७ |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७२८७७२.५० | ७२८७७२.५० | | | |
| ग) पर्यटन पूर्वाधार विकास आयोजना | १६६१३३८०.०५ | १६६१३३८०.०५ | **२. प्रदेश तर्फ** | | |
| घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १२४५४४८५ | १२४५४४८५ | क) सशर्त अनुदान | ४९१८००० | ४९१८००० |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | ख) विशेष अनुदान | ३१४२४५३.३१ | ३१४२४५३.३१ |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | ग) समपुरक अनुदान | १६२४१०१३ | १६२४१०१३ |
| **७. धरौटी आय** | ५३५५६३८.७० | ५३५५६३८.७० | **अन्तिम मौज्दात** | | |
| **८. कार्यसञ्चालन कोष आय** | १३९२३४७१ | १३९२३४७१ | १. संचित कोषको मौज्दात | ६०४३५३२५.३९ | ६०४३५३२५.३९ |
| **९. अन्य आम्दानी** | ७७६३४६३०.९३ | ७७६३४६३०.९३ | २. धरौटी | ११४७७६४८.८० | ११४७७६४८.८० |
| | | | ३.कार्यसञ्चालन कोष | | |
| | | | ३.१ विविध खर्च खाता | ८७१८६५४.१० | ८७१८६५४.१० |
| | | | ३.२ बिबिध कोष खाता | १४१०३२९ | १४१०३२९ |
| | | | ३.३ आकस्मिक कोष खाता | ५१०५७५.४१ | ५१०५७५.४१ |
| | | | ३.४ प्रकोप व्यवस्थापन खाता | ३२५९८७२.८० | ३२५९८७२.८० |
| जम्मा | ११०९३५१६३८.१० | ११०९३५१६३८.१० | जम्मा | ११०९३५१६३८.१० | ११०९३५१६३८.१० |

**(विस्तृत विवरण बेरूजु दफा ९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९.२ **एकिकृत आय व्ययमा फरक-** कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार खर्च तर्फ रु.११०९३५१६३८.१ देखाएकोमा सो को जोडजम्मा गर्दा रु.११८५५३८७६.१ देखिएकोले आय भन्दा व्ययतर्फ रु ९२०२२३८ ।ले बढी देखिएकोले पालिकाले पेश गरेको आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण मा शुद्धता देखिएन।पालिकाले आम्दानी र खर्चको हिसाब एकिन गरी हिसाव मिलान विवरण पेश गर्नु पर्दछ।

९.३ **जिम्मेवारी फरक परेको**-स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकीन गर्नुपर्दछ। म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको अन्त्यमा बैंक तथा नगद मौज्दात रु १०,९७,२१,७४९.७१रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रु. ११,८३,७७,६६४.८१सारेको देखियो। विगतको जिम्मेवारी भन्दा रु ८६५५९२३।१ बढी जिम्मेवारी सुत्रमा उल्लेख गरेको सम्बन्धमा कारण पहिचान गरी हिसाब समायोजन विवरण पेश गर्नुपर्दछ ।

९.४ **बैंक हिसाब मिलान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाको सुत्र सफ्टवेयर अनुसार श्रेस्ता र बैक खाताको मौज्दात विवरण देहाय बमोजिम रहेको छ।

| खाताको प्रकार | श्रेस्ता अनुसार मौज्दात | बैंक खाता अनुसार मौज्दात |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | १८४१५१९ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ११०८२८६ |
| ग १.३, आन्तरिक | ० | -- |
| खाता | | |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | २२१६५७०६ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | २५६६८४१६ |
| ग २.७, विविध खर्च खाता | ९२१८६५४ | ८७१८६५४ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १३८८५७३० | ११४७७६४९ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६०४३५३२५ | १०१७६६६९ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | १४१०३२९ | १४१०३२९ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ३५१००७८ |
| ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ५१०५७५ | ५१०५७५ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३२५९८७३ | ३२५९८७३ |
| जम्मा रु. | ८८७२०४८७ | ८९८४७७५४ |

उल्लेखित खाताहरुमध्ये श्रेस्ता र बैक खाताबीच मौज्दात फरक परेको सम्बन्धमा यकिन गर्नुपर्दछ । समग्रमा बैक मौज्दातभन्दा रु ११२७२६७। श्रेस्तामा घटी देखिएको कारण पहिचान गरी गरी हिसाब समायोजन गर्नुपर्दछ।

९.५ **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले २०८२।३।३२ मा देहाय अनुसारको रु ७३२८७४९०।०९ रकम खर्च नभई फिर्ता गरेको छ ।

| क्र.सं. | स्रोत | खर्च खाताबाट फिर्ता |
|---|---|---|
| १ | नेपाल सरकार :१३३१२ - शसर्त अनुदान चालु | ४४८६९२४० |
| २ | नेपाल सरकार : १३३१३ - शसर्त अनुदान पुँजीगत | ३५०१८६७ |
| ३ | नेपाल सरकार : १३३१७ - समपुरक अनुदान पुँजीगत | ६१४९१७ |
| ४ | बागमती प्रदेश : १३३१२ - शसर्त अनुदान चालु | ३९२०३५१ |
| ५ | बागमती प्रदेश : १३३१३ - शसर्त अनुदानपुँजीगत | ९९७६४९ |
| ६ | बागमती प्रदेश : १३३१५ - विषेश अनुदान पुँजीगत | ३१४२४५३ |
| ७ | बागमती प्रदेश : १३३१७ - समपुरक अनुदान पुँजीगत | १६२४१०१३ |
| जम्मा अनुदान फिर्ता | | ७३२८७४९० |

९.६ **आर्थिक कारोबारको लेखाङ्कन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ। स्वीकृत लेखा ढाँचामा विवरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन। पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको विवरण, परिवर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन। स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र सं | क्षेत्र /उपक्षेत्र | विनियोजन | खर्च | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७,२८,०५,०००.०० | ४४५६५२६८.०५ | ६.३५ |
| २ | सामाजिक विकास | ४१,५८,१०,५००.०० | ३३४६८३४८९.५० | ४७.७१ |
| ३ | पूर्वाधार विकास | २१,६२,५०,०००.०० | १४७९३७५०९.०५ | २१.०९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३१,९०,०००.०० | ५५३०२६५.०० | ०.७९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१,४८,२३,४५०.०० | १६८७३३७९५.१८ | २४.०५ |
| कुल जम्मा | | ९३,२८,७८,९५०.०० | ७०१४५०३२६.७८ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ६.३५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४७.७१ प्रतिशत, पूर्वाधारतर्फ २१.०९ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ०.७९ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २४.०५ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ६.३५प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा बजेट

विनियोजन एवं खर्च बृद्धि गर्नुपर्दछ। कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको २४.०५ प्रतिशत गरेको देखिँदा प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

११ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्च देहाय बमोजिम रहेको देखिन्छ ।

| पूँजीगत खर्च | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक | असारको मात्र खर्च |
| | २३८११४४७०.६४ | २४०४७५२८. | १२१६४८७८. | ४६५३६९९३. | १५५३६५०७१.६४ | ८६८९७१०६.१८ |
| खर्च प्रतिशत | १०० | १०.१० | ५.२ | १९.५४ | ६५.२५ | ३६.५ |

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ६५.२५ प्रतिशत गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२ **बजेट तथा कार्यक्रम**

१२.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८१।३।१० गते रु.९४ करोड ७३ लाख ७८ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । यसैगरी स्थानीयतहका प्रमुखले २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१२.२ **नीति तथा कार्यक्रम कार्यान्वयन-** पालिकाको २०८१।८२ को नीति तथा कार्यक्रममा पर्यटन विकासको लागि वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुका लागि पुन स्थापना कार्यक्रम अन्तर्ग होमस्टे सञ्चालन अर्गानिक खेती कार्यक्रम तथा प्याराग्लाइडिङ हाइकिङ आदिको पहिचान तथा अध्ययन गरी पर्यटन क्षेत्रको पूर्वाधार विकास गरिने उल्लेख भएकोमा उक्त कार्यक्रममा बजेट विनियोजन गरेको देखिएन । साथै कर्मचारीहरुसँग कार्यसम्पादन करार गर्ने नगरपालिकाबाट प्रवाह गरिने सेवालाई एकद्धार प्रणालीबाट सञ्चालन गरिने विषय नीति तथा कार्यक्रममा उल्लेख भएकोमा सोको कार्यन्वयन गरेको छैन । नीति तथा कार्यक्रममा समावेश भएका विषयलाई कार्यान्वियन गर्नुपर्दछ।

१२.३ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १,४६,७५,०६२।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१२.४ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने

व्यवस्था छ । यस स्थानीयतहले विभिन्न शिर्षकमा रु ४८०००००। बजेट अबण्डा राखेको छ ।

| सि.नं. | कार्यक्रमकोनाम | विनियोजितबजेट |
|---|---|---|
| १ | मेयरसंग युवा कार्यक्रम | १५००००० |
| २ | उपमेयरसंग विपन्न कार्यक्रम | ५००००० |
| ३ | मेयरसंग जनता कार्यक्रम | ४००००० |
| ४ | मेयरसंग युवा खेलकुद कार्यक्रम | १०००००० |
| ५ | मेयरसंग श्रम तथा रोजगारी कार्यक्रम | ४००००० |
| ६ | नगर प्रमुखसंग जनता स्वास्थ्य परिक्षण कार्यक्रम | ३००००० |
| ७ | युवावर्गसंग मेयर उप मेयर कार्यक्रम | २००००० |
| ८ | उपमेयरसंग बालबालिका कार्यक्रम | ५००००० |
| | जम्मा | ४८००००० |

बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **आयोजना बैंक**

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा सँभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वयन गरिनुपर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली**

१४.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन;

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २९ लाख ७९ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू३९ लाख ८३ हजार ७६९ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनउनुपर्ने देखिन्छ ।

१४.२ **आन्तरिक लेखापरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।साथै सोही दफाको उपदफा ४ मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षणको क्रममा औंल्याएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको तथा पालिका तर्फको आन्तरिक लेखापरीक्षण बार्षिकरुपमा मात्र गरेको छ । कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४.३ **इन्धन खर्च-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले यो बर्ष इन्धनमा रु २९८६८२८। खर्च गरेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन लगवुकको प्रयोग गर्ने तथा मापदण्डको सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

१४.४ **सवारी साधन मर्मत-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले कार्यालय प्रमुखको मर्मत आदेश स्वीकृत वेगर यो बर्ष सवारी साधन मर्मततर्फ रु.२९८६८२८। खर्च लेखेको छ ।उक्त खर्चमध्ये पालिकाले यस बर्ष देहाय अनुसारको ३ वटा चार पाङ्ग्रे सवारी साधन मर्मतमा मात्र रु १६३१६३८। खर्च गरेको छ ।

| गाडीको विवरण | गाडीको नाम | यो बर्षको मर्मत खर्च |
|---|---|---|
| B-AB9399 | हाइलक्स | ४७४५४४ |
| B-AB9400 | महेन्द्र स्कोर्पियो | ६३५७२७ |
| B-AB9402 | पिक अप भ्यान | ५२१३६७ |

## १५ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने व्यवस्था रहेको छ । यस बर्ष पालिकाले तयार गरेको जिन्सी निरीक्षण गरी प्रतिवेदन अनुसार ६ थान ल्यापटप ६ थान मोटरसाइकल ११ थान प्रिन्टर ३ थान डेस्कटप तथा २ थान चार पाङ्ग्रे सवारी साधन मर्मत गर्नुपर्ने लगायतको बेहोरा औल्याएकोमा उक्त प्रतिवेदन कार्यान्वयन गरेको पाइएन । जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएको बेहोरा कार्यान्वयन गरी जिन्सी व्यवस्थापन चुस्त दुरुस्त बनाउनुपर्दछ ।

१६ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१६.१ **कर्मचारी व्यवस्थापन-** स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीयतहको कार्यबोझ राजश्व क्षमता खर्चको आधार र स्थानीय आवश्यक्ता समेत ध्यानमा राखी कर्मचारी व्यवस्थापन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । यस पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२४ जनाको दरबन्दी स्वीकृत रहेकोमा ९१ जनाको पदपूर्ति भएको देखिन्छ ।

१६.२ **तलबी प्रतिवेदन-** बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नपाउने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३१ कर्मचारीको रु.१९१५७५७२।र पालिकाका ३५ कर्मचारीको रु १८०१४६७२।समेत रु.३७१७२२४४। खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१६.३ **कर्मचारी प्रोत्साहन-** बेलकोटगढी नगरपालिकाको कर्मचारीको स्थानीय प्रोत्साहन सुविधा कार्यविधि,२०७९ परिच्छेद ३ मा नगरपालिकामा कार्यरत अप्राविधिक कर्मचारीलाई २० प्रतिशत र प्राविधिक कर्मचारीलाई ३० प्रतिशत मासिक खाइपाइ आएको तलबको प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ । यो बर्ष कर्मचारी प्रोत्साहन सुविधातर्फ रु ५३९९३३७। खर्च गरेको छ जुन आन्तरिक आय रु २,३३,३१,४३४।०० को २३.१४ प्रतिशत हुन आउँछ ।

१६.४ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेक्षण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नमिल्ने व्यवस्था छ।पालिकाले ल्याब टेक्निसियन स्वयंसेवक जस्ता पदमा कर्मचारी भर्ना गरी थप व्ययभार पारेको छ । दरबन्दी वेगरको पदमा कर्मचारी भर्ना गरी थप व्ययभार पारेको नियमसम्मत नदेखिएको रु

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्यतर्फ ल्याब टेक्निसियन ४ जनाको | १७१०९०४ | स्वास्थ्य संस्थामा ल्याब सेवा विस्तार गरेकोमा स्वीकृत दरबन्दी नरहेको |
| २ | सुरक्षित आप्रवासन रिटर्नी स्वयंसेवक ३ जना | ५८५००० | मनोसामाजिक परामर्श, वित्तीय साक्षरता सहजकर्ता र रिटर्नी स्वयम्सेवकलाई अनुदान उपलब्ध गराउँदै आएकोमा हाल अनुदान उपलब्ध नगराएको |
| | जम्मा | २२९५९०४ | |

| | |
|---|---|
| अनियमित भएको | २२,९५,९०४ |

१७ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश

गरेको विवरण अनुसार गत वर्षको १३ मुद्दा जिम्मेवारी सरेकोमा यो बर्ष २५ मुद्दा थप भई ३८ मुद्दा दर्ता भएकोमा ३१ मुद्दा फर्स्यौट भई ७ मुद्दा बाँकी रहेको छ । पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीयतहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा कानुन तर्जुमा गरेको छैन। ।यो बर्ष समितिको १४ वटा बैठक बसेको देखिन्छ ।

१८.१ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

१८.२ **वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१९ **सूचनाको हक कार्यान्वयन**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५, ६, ७ र नियमावली, २०६५ को नियम ३, ६, २४क र २४ग मा सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गर्नुपर्ने सूचना अधिकारी तोक्नुपर्ने तीन-तीन महिनमा विवरणहरु अद्यावधिक विवरण गरी प्रकाशन गर्नुपर्ने वेबसाईट अद्यावधिक गर्नुपर्ने माग गरेको सूचना नियमानुसार उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले सूचना प्राविधिक अधिकृत सुजन कुमार डोटेललाई सूचना अधिकारीको रुपमा तोकेको एव सूचना वर्गीकरण र अद्यावधिक आंशिक रुपमा गरेको पाईयो।यस बर्ष कार्यालय समक्ष लिखित रुपमा कुनै पनि सूचना माग गरेको देखिएन । कार्यालयको आफ्नै वेवसाईट रहेको र अद्यावधिक रहेको छ भने पालिकाले सूचना अधिकारीको फोटो र सम्पर्क नं सहितको विवरण पालिका परिसरमा नराखेको एवं नियमानुसार तीन-तीन महिनामा प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशन प्रकाशन गरेको छैन।

२० **आर्थिक सहायता र अन्य खर्च**

२०.१ **आर्थिक सहायता वितरण-** पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकलाद्धारा जारी बेलकोटगढी नगरपालिकाको आर्थिक सहायता,औषधी उपचार खर्च र पुरस्कार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा घातक रोग लागेका विरामीलाई वडा कार्यालयको सिफारिसको आधारमा औषधी उपचारको विल भर्पाई हेरी रु पाँच हजार देखि पचास हजारसम्म औषधी उपचार खर्च उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले यस बर्ष आर्थिक सहायता शिर्षकमा रु ४३१६०००। खर्च गरेको छ ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

२०.२ **वितरणमुखी कार्यक्रम-** पालिकाले संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले देहाय अनुसार वितरणमुखी क्रियाकलापमा खर्च गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| १२७।२०८१।७।१२ | निरञ्जना भगवती गढी विकास संरक्षण उपभोक्ता समिति | ३५०००० |
| १२९।२०८१।७।१२ | डबली कुमारीमाइ कोट पूजा समिति | २५०००० |
| ५५१।२०८२।१।७ | नेपाल तामाङ्ग घेदुङ्ग सँघ वेलकोटगढी | २००००० |
| ९९।२०८१।११।२० | राधाकृष्ण मन्दिर भजन समहु | ४९७२० |
| १३६।२०८१।११।६ | तामाङ बाजा खरिद नयाँ बस्ती टोल उपभोक्ता समिति | ९६००० |

२१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा कार्यालय समेतको यो वर्ष खाना खाजा लगायत विविधतर्फ मात्र रु. ३९८३७६९। खर्च गरेको छ । गत बर्ष विविध तर्फ रु ३१५५०२४। खर्च गरेको छ । विगतमा भन्दा यो बर्ष विविधतर्फ २६.२७ प्रतिशतले बढोत्तरी भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२२ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कामकारवाहीमा सहजता ल्याउन तथा नीतिगत निर्णय गर्न, गराउन कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१ को खर्च | २०८१।८२ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | ३,०८,७२,८००/- | ३,३३,२५,०७२/- | दरबन्दी करार थप गरिएको |
| २ | वैंठक भत्ता | ३१,६२,०००/- | ३३,६९,०००/- | काम कारवाहीमा सहजता ल्याउन/नीतिगत निर्णय गर्न, गराउन |

२३ **पदाधिकारी सुविधा**

स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी सुविधापत रु. ११२५००००/ सुविधा भुक्तानी दिएको छ। यो बर्षको आन्तरिक आय रु ८९३०५०३।०२ र दहत्तर बहत्तरको पालिकाको ६० प्रतिशत रु १४४००१८८। समेत रु २३३३०६९१। रहेको छ । जुन आन्तरिक आयको तुलनामा ४८.२२ प्रतिशत हुन जान्छ ।

२४ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयल प्रमुखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ। कार्यालयले वडा नं १३ मा डिजिटल बोर्ड सामाग्री खरिद बापत रु.५००००। भुक्तानी गरेकोमा सो सामाग्री जिन्सी खातामा दाखिला भएको प्रमाण श्रेस्तासाथ संलग्न गरेको देखिएन। जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. मिति | विद्यालयको नाम | खरिद भएका सामाग्रीको विवरण | खरिद मूल्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४०१-२०८२।३।१२ | वडा नं १३मा डिजिटल बोर्ड राखेको | एसिपि लाइट सहित | ५०००० | ५०००० |
| जम्मा | | | | ५०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२७८,७८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

२५ **सेवा प्रवाह**

सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष १५९७ घरबाटो सिफारिस, १९२० नागरिकता सिफारिस, २१६३ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजना अधिकांश सडक मर्मत तथा ग्याबिनको कार्यमा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| सि.न. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु ५ लाखभन्दा कमका योजनाहरु | ५११ |
| २ | रु ५ लाख देखी २० लाख सम्मको योजनाहरु | ५५ |
| ३ | रु २० लाख भन्दा माथिका योजनाहरु | १७ |
| | जम्मा | ५८३ |

२८ **खरिद तथा ठेक्का अभिलेख**

२८.१ **खरिद कारवाहीको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सो फाइलमा उपदफा २ बमोजिमका कागजपत्र सिलसेलावार रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले नियममा उल्लेख भए बमोजिमको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छ छैन । यसमा सुधार हुनुपर्दछ।

२८.२ **खरिद योजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले नियममा व्यवस्था भए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गरेको छैन। बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिदलाई व्यवस्थित गर्नुपर्दछ।

२८.३ **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी विवरण तयार गरेको छैन । तोकिए बमोजिम खर्चको विवरण तयार गरेर सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

२९ **पदाधिकारी भ्रमण खर्च**

२९.१ **दोहोरो भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९.२ **पदाधिकारी विदेश भ्रमण खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१७६,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३० **परामर्श सेवा खरिद**

३०.१ **डि.पि.आर. खर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीयतहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट रु २४१८२००।

गराई प्रतिवेदन प्राप्त गरेको छ ।परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ ।

| क्र.स | परामर्श कार्यको विवरण | परामर्शदाताको नाम | सम्झौता मूल्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | चिम्टेश्वर महादेव पर्यटकिय पूर्वाधार निर्माण | पि.जि इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली | १९३२३०० | १९३२३०० |
| २. | कुमारी शहिद पार्क | भिजनरी सिभिल सोलुसन प्रा.ली | ४८५९०० | ४८५९०० |
| जम्मा | | | | २४१८२०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदनको कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ ।

३०.२ **जिन्सी दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,४१८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३०.३ प्राविधिक मूल्याङ्कन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७६ बमोजिम प्राविधिक प्रस्ताबको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका सदस्यहरुले छुट्टाछुट्टै रुपमा नियम ७१ को उपनियम ६ बमोजिम मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्ने उल्लेख छ । कार्यालयले परामर्शदाताहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन श्रेस्तासाथ संलग्न गरेको छैन। प्राविधिक प्रस्ताव मूल्याङ्कनको फाइल लेखापरीक्षणको क्रममा पेश नगरेकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन।

३१ **कर्मचारी दोहोरो भत्ता**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । बेलकोटगढी नगरपालिकाको कर्मचारीको स्थानीय प्रोत्साहन सुविधा कार्यविधि,२०७९ परिच्छेद ३ मा नगरपालिकामा कार्यरत अप्राविधिक कर्मचारीलाई २० प्रतिशत र प्राविधिक कर्मचारीलाई ३० प्रतिशत मासिक खाइपाइ आएको तलबको प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ । दैनिक भ्रमण भत्ता बुझेको अवधिमा प्रोत्साहन भत्ता बापतको रकम कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन।तसर्थ देहायका कर्मचारीले दैनिक भ्रमण भत्ता बुझेको अवधिमा समेत प्रोत्साहन भत्ता बुझेको देखिँदा उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| क्र सं | पद | पदाधिकारी/कर्मचारीको नाम | कुल जम्मा दिन | तलब स्केल | प्रोत्साहन भत्ता (२०%/ ३० %) | प्रति दिन प्रोत्साहन भत्ता | जम्मा रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | हरेन्द्र कुमार श्रेष्ठ | ५० | ६१७३७ | १२३४७ | ४१२ | २०५७९ |
| ४ | स्रोत व्यक्ति | बद्री प्रसाद शर्मा | १९ | ६१७३७ | १२३४७ | ४१२ | ७८२० |
| ६ | रोजगार संयोजक | हरि प्रसाद गजुरेल | ४२ | ४३६८९ | ८७३८ | २९१ | १२२३३ |
| १६ | मनोसामाजिक परामर्शकर्ता | मनिषा थापा | ३४ | ३४७३० | ६९४६ | २३२ | ७८७२ |
| जम्मा | | | | | | | ४८५०४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,४८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१९,८०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,९१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,५६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **११,७८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,६७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,३७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,६७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,२४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,१०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,०२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,६०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,५४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,८९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,१५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,६२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६,१४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१३,१६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६,८११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,५०४ |

३२ **पारिश्रमिक कर**

.

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,८८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,८८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,१८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **नगर सभा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना

हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्नेमा यो बर्ष २ पटकको सभाको लागि मात्र विभिन्न शिर्षकमा यो बर्ष रु ३०८८५३२। खर्च गरेको छ । सभा सञ्चालनमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| गो .भौ. न. | मिति | कार्यक्रम | खर्च रकम रु. |
|---|---|---|---|
| ४२४ | ११/१२/२०८१ | कार्यालय सामान बापत तथा सभा संचालन खर्च बापतको रकम भुक्तानी | १४५४६० |
| ६३० | ०२/०६/२०८२ | निवेदकलाई सभा संचालन खाजा खर्च वापत भुक्तानी | १६६००० |
| ८७८ | ०३/२२/२०८२ | नगर सभाकोअतिथि खाजा खाना बापतको रकम भुक्तानी | १५५२२५ |
| ९३७ | ०३/२४/२०८२ | खटिएका कर्मचारीहरुको प्रोत्साहन | १४३१०२४ |
| ९३९ | ०३/२४/२०८२ | नगर सभासंचालन खर्च | ३३५००० |
| १०१६ | ०३/२५/२०८२ | नगर सभामा खटिएका कर्मचारीहरुको थप भत्ता भुक्तानी | २२४६३ |
| १०६२ | २०८२/०३/३२ | नगर सभासंचालन तथा व्यवस्थापन खर्च रकम बैठक भत्ता समेत | ४९८७१० |
| ४८२ | ११/२४/२०८१ | नगर सभासंचालन बापतको खर्च रकम पेश्की फछ्र्यौट | ३३४६५० |
| जम्मा खर्च रु. | | | ३०८८५३२ |

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १३ वटा वडामा २१ वटा योजना सञ्चालन गरी यस वर्ष ६३ जनालाई औषत ८३ दिनले ५२७५ दिन रोजगारी उपलव्ध गराई रु.३४७४०००।– श्रमिक ज्याला खर्च गरेको छ। साथै पालिकाले विनियोजन गरेको कुल ४०५०००० साझेदारी रकम मध्ये रु.३८५५१८८ खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

३५ **श्रोतमा कर कट्टि**

आयकर ऐन २०५८ को दफा ८८ मा सेवा तथा परामर्मूश खरिदको भुक्तानीमा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। पालिकाले मूल्य अभिबृद्धि करमा दर्ता नभएको फर्म तथा व्यक्तिहरुलाई १५ प्रतिशत श्रोतमा कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल हुनुपर्ने रु

| गो.भौनंमिति | भुक्तानी पाउने | विवरण | भुक्तानी रकम | छुट१५% |
|---|---|---|---|---|
| ८६३।२०८२।३।२२ | राजश्री मल्टी एग्रो प्रालि (मूअकरमा दर्ता नभएको) | सिपमुलक तालिम कार्यक्रम सञ्चालन | ३९७७६० | ५९६६४ |
| जम्मा | | | | ५९६६४ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७४,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ५९,६६४ |
|---|---|

३६ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको पेश्की फर्स्यौट नभएकोले म्याद नाघेको पेश्की फर्स्यौट हुनुपर्ने रु

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|---|
| १ | २०८१/०९/१७ | २४७ | अन्य सहायता वडा नँ. ९ | अमर बहादुर तामाङ | १००००० |
| २ | २०८२/०३/२३ | ९०३ | इन्धन (जनप्रतिनिधि) | सुसन श्रेष्ठ | ५००००. |
| ३ | २०८२/०३/२४ | ९५६ | उद्दार राहत तथा पुर्थापना खर्च वड नँ. ५ | भोजराज ठगुन्ना | ९८५०० |
| जम्मा | | | | | २४८५०० |

| पेश्की | २,४८,५०० |
|---|---|

३७ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले प्रदेश पूँजीगत गो भौ नं ३१।२०८२।३।२५ बाट बाघखोर खानेपानी बेलकोटगढी न पा ९ बाट खानेपानी ट्याङ्की निर्माण कार्य उल्लेख गरी रु २४१९७५४। भुक्तानी दिएकोमा सोको प्राविधिक बिजक अनुसार रु २३९७१७९। मात्र भुक्तानी दिन मिल्नेमा बढी भुक्तानी भएको रु २२५७४। असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २२,५७४ |
|---|---|

३८ **फर्निचरको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ ।कार्यालयले गोश्वारा भौचर नम्बर ३५०-२०८२।२।१२ बाट पर्दा, दराज लगायतका फर्निचरहरु खरिद बापत सप्लायर्स श्रेष्ठ फर्निचर एण्ड जनरल सप्लायर्सलाई अग्रिम कट्टि गरी रु.३,७९,३४५। भुक्तानी गर्नुपर्नेमा रु.३८५५९३। भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.६२४८। असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६,२४८ |
|---|---|

३९ **कर संकलन**

३९.१ **आयको अनुमान र असुली-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको विगत तीन वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | अनुमान | असुली | असुली % |
|---|---|---|---|
| २०८१/०८२ | ५३९००००० | २३३३०६९१ | ४३.२९ |
| २०८०/०८१ | ८३४६७००० | २६२९४६९२ | ३१.५० |
| २०७९/०८० | ६२०००००० | ४१८०८३२२ | ६७.४३ |

उपरोक्त विवरण अनुसार आ.व २०७९।८० मा ६७.४३ प्रतिशत तथा आ.व २०८०।८१ मा ३१.५० प्रतिशत अनुमानित आयको राजश्व संकलन गरेकोमा यस वर्ष अनुमानको तुलनामा ४३.२९ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ।पालिकाले राजश्व अनुमान तथा प्रक्षेपण लाई विश्वश्नीय तथा बैज्ञानिक बनाउदै संघीय र प्रदेश सरकारप्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ।

३९.२ **नदीजन्य पदार्थ उत्खनन्-** बेलकोटगढी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका त्रिशुली नदी, कोल्पुखोला, बेलकोटखोला, तादीखोला र सिन्दुरे खोलाहरुवाट संकलन र बिक्री हुने नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, स्लेट ढुङ्गा आदि) उत्खनन गरिने परिमाण ४६५२१४१ (घनफिट), र ईट्टा, काठ, ब्लक/ह्युम पाइप, कवाडी लगायत विभिन्न ७ प्रकारका सामाग्रीको, बिक्री तथा निकासी कर असूल गर्न प्रथम पटक मिति २०८१।०४।२७ मा रु ३,२५,६४,९८७। र अन्य विभिन्न ७ प्रकारका आइटमको निकासी बापतको विभिन्न दरमा समेत रु ४,२५,७३,८८७। न्युनतम (मु.अ.कर बाहेक) को बोलपत्र आव्हान गरेकोमा २०८१/०६/०१ सम्ममा कुनै पनि वोलपत्रदाताहरुले वोलपत्र पेश गरेको देखिएन । पालिकाले पुन दोस्रो पटक मिति २०८१।०६।९ मा सूचना प्रकाशित गरेकोमा २०८१।०६।२९ सम्ममा पनि कुनै पनि वोलपत्रदाताहरुले वोलपत्र पेश नगरेकाले पुन तेस्रो पटक २०८१।७।२५ मा बोलपत्र आव्हान गरेकोमा सोमा समेत कुनै पनि बोलपत्र पेश हुन आएको देखिएन । राजश्व परामर्श समितिको बैठकले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाणमा कार्यालय आफैको सलग्नतामा घाटगद्धी गरी कर सकलन गर्ने निर्णय गरेको देखिन्छ । बोलपत्र आव्हान गर्दा कुनै पनि बोलपत्र पेश नभएकोले पालिका स्वयंले घाटगद्धी मार्फत नदीजन्य पदार्थको संकलन बिक्री तथा निकासी कर असुल गरेको छ ।नगदी रसिदमार्फत संकलन गरिएको उक्त कार्यको यो बर्षको आय देहाय अनुसार रहेको छ ।

| क्र.सं. | कर संकलन केन्द्र | प्राप्त रसिद प्याड | जम्मा रकम रु. |
|---|---|---|---|
| १ | कुमरी- चाउथे, बे न पा - २ | २८ | १६१३०३९ |
| २ | कुमरी- बाह्रबिसे, बेन पा - ३ | १४ | १०८७५६० |
| ३ | धन्सार, बे न पा - १० | ३३ | २५२०८०४ |
| ४ | काशिटार, बे न पा - ८ | ३६ | २१६८०३२ |
| ५ | महादेवफाँट, बे न पा -७ | ३८ | ३११४४४५ |
| ६ | कोल्पुटार, बे न पा -५ | १६३ | १६५४३०७४ |
| | कुल जम्मा | ३१२ | २७०४६९५४ |
| | वितरित रसिद संख्या | ३१२ | |
| | दाखिला रसिद संख्या | ३१२ | |
| | बाँकी रसिद(वितरण नगरिएको) | ८८ | |
| | जम्मा छापिएको रसिद प्याड | ४०० | |

पालिकाबाट विभिन्न कर्मचारी नियुक्त गरी नगदी रसिद मार्फत रु २७०४६९५४। संकलन भएको देखिन्छ । पालिकाले के कति परिमाणको नदीजन्य पदार्थको उत्खन्न गरेको हो भनी परिमाण खुल्ने विवरण राखेको देखिएन । परिमाण खुल्ने विवरण उल्लेख नगरी नगदी रसिदको संकलनको आधारमा संकलित रकम दाखिला गरेको छ । साथै ४६५२१४१ (घनफिट) को रु३६७९८४३५ मूअकर समेतको न्यूनतम बोलपत्र आव्हान गरेकोमा पालिका आफैले संकलन गर्दा बर्षभरिमा रु २७०४६९५४। मूअकर समेत संकलन गरेको देखिँदा रु ९७५१४८१। घटी अर्थात २६.५० प्रतिशत न्युन संकलन भएको देखिन्छ ।

३९.३ **नगदी रसिदको प्रयोग-** महालेखा नियन्त्रक कार्यालयको सुत्र सफ्टवेयरमा राजस्व संकलनको लागि व्यवस्था भएकोमा पालिका तथा वडाहरुले आंशिकरुपमा उक्त सफ्टवेयर र नगदी रसिदको समेत प्रयोग गरेको देखिन्छ । १३ वडामध्ये ८ वडाले २२ थान नगदी रसिद र

१४ थान मालपोत रसिद बुझिलिएकोमा सो बापत संकलित राजस्व समयमा बुझाए नबुझाएको यकिन गर्न सकिएन । सुत्र सफ्टवेयरबाट सबै राजस्व संकलन गर्नुपर्दछ ।

३९.४ **एम्बुलेन्स आय**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९.५ **करको दायरा विस्तार-** स्थानीय सरकार सञ्चाल२०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर पालिकाले आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ ।पालिकाको कार्यक्षेत्रभित्र रहेका व्यवसायबाट के कति रकम प्राप्त गर्नुपर्ने हो सोको विवरण राखी पालिकाद्धारा जारी आर्थिक ऐन बमोजिम कर संकलन गर्नुपर्दछ । उठ्न बाँकी रकम असुल गर्न तरताकेता गर्ने र निरन्तर अनुगमन गरी नगरपालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

४० **आन्तरिक आय**

४०.१ **व्यवसाय कर-** नगरपालिकाको आर्थिक ऐन,२०८१।८२ अनुसार पालिकाभित्र सञ्चालित व्यवसाय करको दर उल्लेख छ । पालिका तथा पालिकाभित्र उपभोक्ता समिति एवं निर्माण व्यवसायीद्धारा सञ्चालित विभिन्न निर्माणजन्य कार्यमा देहायका उद्योगबाट कारोबार भएको देखिन्छ तर उक्त फर्महरु तथा उद्योगबाट पालिकाले आर्थिक ऐन अनुरुप तोकिएको व्यवसाय कर संकलन गरेको देखिएन । पालिका अन्तर्गत रही व्यवसाय सञ्चालन गरेको देहायका संस्था /फर्म/ बाट तोकिए बमोजिमको व्यवसाय कर उठाएको नदेखिँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| क्र सं | विवरण | नवीकरण दर |
|---|---|---|
| १ | त्रिशुली आयल स्टोर वडा नं ७ | ३०००० |
| २ | निरञ्जना रोडा ढुँगा उद्योग वडा नं १० क बर्ग नवीकरण | ३६००० |
| ३ | विशाल एग्रीगेट वडा नं ७ क बर्ग नवीकरण क बर्ग नवीकरण | ३६००० |
| ४ | हिमाल एग्रीगेट वडा नं ७ क बर्ग नवीकरण क बर्ग नवीकरण | ३६००० |
| ५ | त्रिशुली एग्रीगेट वडा नं ५ क बर्ग नवीकरण क बर्ग नवीकरण | ३६००० |
| ६ | चिम्टेश्वर माइन्स एण्ड मिनरल्स फिरफिरे नवीकरण क बर्ग नवीकरण | १४००० |
| | | १८८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८८,००० |

४०.२ **सामुदायिक वनको आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस

पालिकाले यस वर्ष सो बापत कुनै आय प्राप्त गरेको देखिएन। पालिका भित्रका वन उपभोक्ता समितिबाट उक्त राजस्व प्राप्तिको लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित उपभोक्ता समितिसँग समन्वय गरी वन पैदावारको विक्री वापतको रकम असुल गर्नुपर्दछ ।

४१ **डिप्रोक्स नेपाललाई भुक्तानी**

४१.१ ( १६६-2081-11-18):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३८(२) मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमबाट मात्र खर्च गर्नुपर्ने तथा नियम ३९(५) मा खर्च पुष्टयाँई गर्ने बील, भरपाइ र संलग्न प्रमाण कागजातका आधारमा उपनियम १० बमोजिम रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले निम्न झोलुङ्गे पुल निर्माण बापतको रकम परामर्श सेवा शुल्क बापत डिप्रोक्स नेपाललाई गत बर्षको भुक्तानी बाँकी रु.४,६९,५३०। भुक्तानी गरेकोमा निम्न दुई झोलुङ्गे पुलको गतबर्ष भुक्तानी भएको रकम, कार्यसम्पन्न प्रतिवेदन अनुसारको रकम र भुक्तानी गर्नुपर्ने बाँकी रकम खुल्ने विवरण श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यसम्पन्न प्रतिवेदन, गत बर्ष भुक्तानी भएको रकम र भुक्तानी बाँकी रहेको रकम खुल्ने विवरण पेश हुनुपर्ने रु.

| **झोलुङ्गे पुलको नाम** | **रकम** |
|---|---|
| फाँटपौवा झो.पु | १०८८९९ |
| अमारे खोला झो.पु | १८८९८१ |
| **जम्मा** | **२९७८८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,८८० |

४१.२ कार्यालयले डिप्रोक्स नेपाललाई माछा पोखरी झोलुङ्गेपुलको गत बर्षको भुक्तानी बाँकी बापत गोश्वारा भौचर नम्बर १६६-२०८१।११। १८ बाट रु.१७१६५०।३० भुक्तानी गरेको छ। सो भुक्तानीसँग सम्बन्धित कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.११,२३,०९३। को कार्य भएको र उक्त कार्य बापत कार्यालयले गत बर्ष २९-२०८१।३।२४ बाट रु.१०,०६,५३०। भुक्तानी गरेको देखियो। यसरी भुक्तानी गरी बाँकी रहेको रु.११६५६३। मात्र कार्यालयले डिप्रोक्स नेपाललाई भुक्तानी दिनुपर्नेमा रु.१,७१,६५०। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.५५,०८७। असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,०८७ |

४२ **प्रशासकीय भवन निर्माण**

प्रशासकीय भवन निर्माण कार्यको लागि लागत अनुमान रु. १९,२६,००,३३९। (मू.अ.कर र कन्टीजेन्सी सहित) रहेकोमा सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी अम्बे माँ/न्यू टेक/ शुभलक्ष्मी जे.भी ले रु.१२,७४,२७,०८८।( मूल्य अभिबृद्धि कर र पि.एस सहित) मा मिति २०८२।९।१२ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०८०।९।१३ मा सम्झौता भएकोमा यस बर्ष सम्म रु.५,९५,२९,६६२। को मात्र कार्य भई ४६ प्रतिशत मात्र भौतिक तथा वित्तीय प्रगति भएको देखिन्छ।

बीमा- सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११२ बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमानुसार त्रुटि सच्याउने अवधिसम्मको बीमा गर्नुपर्ने उल्लेख छ। साथै खरिद सम्झौताको शर्त नम्बर १९.१ मा समेत बीमा सम्बन्धि व्यवस्था छ। निर्माण व्यवसायीले वि.ओ.क्यूमा उल्लेखित बीमा रकम अनुसार हिमालयन एभरेष्ट इन्स्युरेन्स लिमिटेडको बीमा पोलिसी राखी रु.२७,१९,३९०। भुक्तानी लिएकोमा नियमानुसार कर बीजक संलग्न गरेको देखिएन। संलग्न बिमा पोलिसी अनुसार २ बर्ष ठेक्का अवधि उल्लेख गरी June 23,2023 अर्थात २०८०।३।०८ को उक्त लिमिटेडको बीमा उल्लेख गरेकोमा सम्बन्धित इन्सुरेन्सको रितपूर्वकको कर बिजक संलग्न गरेको देखिएन । लेखापरीक्षणको क्रममा पेश भएको कर बीजक अनुसार निर्माण व्यवसायीले २०२५।९।५ अर्थात २०८२।०५।२० मा मात्र उक्त निर्माण कार्यको बीमा गराएको देखिन्छ ।लेखापरीक्षणको क्रममा पेश गरेको हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडको रु २७०९३९२। को बीमाको १२ महिना अवधि

रहेको छ । नियमानुसार कर बीजक संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्नेमा सो पेश गरे वेगर नै गत आर्थिक बर्षमा पालिकाले बीमाको रकम भुक्तानी गरेको देखिन्छ । तसर्थ ठेक्का सम्झौता अनुसार डि एल पि अवधि समेत ३७ महिनाको अवधिको बीमा गर्नुपर्नेमा १२ महिनाको मात्र बीमा गरेको देखिँदा कुल भुक्तानी रु २७१९३९०।को अनुपातिक हिसाबले हुने २५ महिना बराबरको बढी भुक्तानी रु १८३७४२५। असुल गर्नुपर्ने साथै यो बर्ष संलग्न बिजकमा अघिल्लो बर्ष भुक्तानी भएको पोलिसीमा उल्लेखित अङ्क भन्दा रु ९९९८।ले घटीको यस बर्ष बिजक पेश गरेको हुँदा सो समेतले हुने रु १८४७४२३।सम्बन्धित जेभीबाट दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,४७,४२३ |

४३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा रु.२१,७२,३५०। को फर्निचर र रु.२१,९७,३६० को ल्यापटप कम्प्यूटर लगायतका मेसिनरी औजारहरु समेत रु.४३,६९,७१०। को विभिन्न फर्महरुसँग पटक पटक गरी सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

४४ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क) मा निर्माण कार्यको कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप निर्माण सञ्चालनमा आएको अवस्थामा निर्माण सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न निर्माण कार्यहरु सम्पन्न भएको भनी अन्तिम भुक्तानी दिएकोमा सो कार्य स्वीकार गरेको प्रतिवेदन तयार गरेको छैन। नियमको पालना गर्नुपर्दछ।

| निर्माण कार्य | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | भुक्तानी रकम | भौतिक तथा वित्तीय प्रगती (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ नम्बर वडा कार्यालय भवन निर्माण | पल्लवी मल्टीपर्पोज कम्पनी प्रा.ली | ३१५९३८४ | ३०७९१७८ | ९७.४६ |
| वडा नं१३ कार्यालय भवन निर्माण | भैरवी कन्स्ट्रक्सन | २३३९८९६ | २३३४१६४ | ९९.७५ |
| केउरेनी हरेरोड इम्प्रुभमेन्ट प्रा.ली | पल्लवी मल्टीपर्पोज कम्पनी प्रा.ली | ८९८३८९८ | ६१३४५८५ | ९३.१ |
| भण्डारी थुम्का डाडाँगाँउ भोर्लेखोला बानियागाँउ दियाले सडक सुधार | रोज/स्किल फिल्ड जे.भी | १८१२५१९६ | १६३०९५२१ | ८९.९८ |
| कोल्पुखोलाको बाटो अपग्रेडिङ कार्य | न्यू सुलक्ष्णा कन्स्ट्रक्सन उद्योग | ११९४९५१४ | ११८१४९८९ | ९८.८७ |
| कुमारी शहिदपार्क निर्माण | केत्र गंगा निर्माण सेवा | ९६३८२४९ | ९५९३१८३ | ९९.५३ |
| नेपाने खानेपानी योजना वडा नं.४ | केराबारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ५०१२१३७ | ३७९१८४७ | ७५.६५ |

४५ **खरिद व्यवस्थापन**

४५.१ **ठेक्का व्यवस्था-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्रको माध्यमबाट घटी कबोल गर्ने निर्माण व्यवसायीहरुसँग सम्झौता गरी विभिन्न ११ योजनाहरु कार्यान्वयन गरेको छ। बोलपत्रको माध्यमबाट खरिद भएका कार्यहरु परिक्षण गर्दा निर्माण व्यवसायीहरुले लागत अनुमान भन्दा २२.४५ देखि ७८.३७ प्रतिशत सम्म घटी कबोल गरी ठेक्का कार्यान्वयन गराएको देखियो । पालिकाले सडक विभागबाट स्वीकृत नर्म्स प्रयोग गरी सडक निर्माणका

कार्यहरु तथा भवनको नर्म्स प्रयोग गरी भवन निर्माणको लागि लागत अनुमान तयार गरेको छ। निर्माण व्यवसायीले लागत अनुमान भन्दा ७८.३७ घटी सम्म कबोल गरी कार्य सम्पन्न भएको अवस्थामा कार्यको गुणस्तर, योजनाको दिगोपना र टिकाउ सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्दछ।

| ठेक्काको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान रकम | सम्झौता रकम | अनुपात |
|---|---|---|---|---|
| १ नम्बर वडा कार्यालय भवन निर्माण | पल्लवी मल्टीपर्पोज कम्पनी प्रा.ली | ५६३५३८१ | ३१५९३८४ | ७८.३७ |
| वडा नं१३ कार्यालय भवन निर्माण | भैरवी कन्स्ट्रक्सन | २८६५३११ | २३३९८९६ | २२.४५ |
| केउरेनी हरेरोड इम्प्रुभमेन्ट प्रा.ली | पल्लवी मल्टीपर्पोज कम्पनी प्रा.ली | १४५००४८६ | ८९८३८९८ | ६१.४१ |
| छबिसे नन्दुटार दुई पिपल रोड इम्प्रुभमेन्ट वडा नं.७ | प्रसुन निर्माण सेवा प्रा.ली | १९४७९३८६ | ११४५७४६७ | ७०.०१ |
| भण्डारी थुम्का डाडाँगाँउ भोर्लेखोला बानियागाँउ दियाले सडक सुधार | रोज/स्किल फिल्ड जे.भी | २८२५४२५५ | १८१२५१९६ | ५५.८८ |
| कोल्पुखोलाको बाटो अपग्रेडिङ कार्य | न्यू सुलक्ष्णा कन्स्ट्रक्सन उद्योग | १९४८५६१० | ११९४९५१४ | ६३.०७ |
| कुमारी शहिदपार्क निर्माण | केत्र गंगा निर्माण सेवा | १४४२२९१० | ९६३८२४९ | ४९.६४ |
| नेपाने खानेपानी योजना वडा नं.४ | केराबारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ६८७९२०५ | ५०१२१३७ | ३७.२५ |
| साधिखोला भट्टगाँउ बाघखोर सडक सुधार | प्रसुन निर्माण सेवा प्रा.ली | १९९९९९५३ | १३०५८७६६ | ५३.१५ |
| चिम्टेश्वर महादेव मन्दिर निर्माण | दुर्गेश्वर निर्माण सेवा | १९३१६१८६ | १४०७७०७२ | ३७.२२ |

४५.२ **केउरेनी हरेरोड स्तरोन्नती-८ कार्य** - कार्यालयले केउरेनी हरेरोड स्तरोन्नती कार्यको लागि निर्माण व्यवसायी पल्लवी मल्टिपर्पोज कम्पनी प्रा.ली संग मिति २०८२।२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।९।१२ मा रु.८९,८३,८९८। मा सम्झौता भई कार्य भएकोमा सो कार्यको सबग्रेड कार्य र ढुङ्गा सोलिङ कार्यको लागत अनुमान परिमाण र कार्य सम्पन्न परिमाण परिक्षण गर्दा सबग्रेड कार्य ३००० वर्ग मिटर कार्य हुने उल्लेख भएकोमा १९१७.२८ वर्ग मिटर मात्र कार्य भएको र ढुङ्गा सोलिङ कार्य ५०४.५९ घन मिटर हुने उल्लेख भएकोमा ५३.१४ घनमिटर मात्र कार्य भएको देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार गर्नुपर्ने सो कार्य पुर्ण रुपमा सम्पन्न नभई ठेक्का समाप्त भएको छ। ठेक्का सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्य परिमाण तोकिएको समयमा नै सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४५.३ **एज विल्ट नक्सा**– नेपाने खानेपानी योजना वडा न ४ मा खानेपानी ट्याङ्की निर्माण र पाइपको खन्ने पूर्ने कार्यका लागि कार्यालयले केराबारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली सँग भएको ठेक्का सम्झौताको शर्त नम्बर ५८.२ मा एजविल्ट ड्रोइङ बनाउनुपर्ने र नबनाएको खण्डमा रु.२५,०००। कट्टा गरी भुक्तानी गर्ने उल्लेख छ । कार्यालयले सम्झौताको शर्त बमोजिम एज विल्ट ड्रोइङ प्राप्त गरेको देखिएन। सम्झौताको शर्त बमोजिम एज विल्ट ड्रोइङ पेश हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

४५.४ **सूचना पाटी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ज१) मा निर्माण व्यवसायीले निर्माण कार्यस्थलमा अनुसूची ८ बमोजिमको विवरण उल्लेख गरी अनिवार्य रुपमा सूचना पाटी राख्नुपर्ने उल्लेख छ। कार्यालयले निर्माण कार्यस्थलमा योजनाको सम्पूर्ण विवरण खुल्ने गरी विवरण राख्ने हेतुले ठेक्का सम्झौताको पि.एस आइटममा फलामे रड सहितको खम्बामा टिनको पातामा विवरण अद्यावधिक गरी टाँस्ने गरी लागत अनुमान तयार गरेकोमा कार्यालयले निर्माण व्यवसायीहरुले सूचना पाटी खरिद गरेको विल पेश गरेको

छैन। सम्झौताको शर्त अनुसार फलामे पाता सहितको सूचना पाटी निर्माण गरी टाँस गरेको प्रमाण भौचर संलग्न गरेको नदेखिएकोले असुल हुनुपर्ने रु.

| निर्माण कार्य | निर्माण व्यवसायीको नाम | रकम |
|---|---|---|
| प्रशासकीय भवन निर्माण | अम्मे माँ/न्यू टेक/शुभलक्ष्मी जे.भी | १०००० |
| छबिसे नन्दुटार दुई पिपल रोड इम्प्रुभमेन्ट वडा नं.७ | प्रसुन निर्माण सेवा प्रा.ली | १०००० |
| कोल्पुखोलाको बाटो अपग्रेडिङ कार्य | न्यू सुलक्षणा कन्स्ट्रक्सन उद्योग | १०००० |
| साधिखोला भट्टगाँउ बाघखोर सडक सुधार | प्रसुन निर्माण सेवा प्रा.ली | १०००० |
| नेपाने खानेपानी योजना वडा नं.४ | केराबारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १०००० |
| जम्मा | | ५०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

४६ **बीमा**

सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११२ बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमानुसार त्रुटि सच्याउने अवधिसम्मको विमा गर्नुपर्ने उल्लेख छ। साथै खरिद सम्झौताको शर्त नम्बर १९.१ मा समेत बीमा सम्बन्धि व्यवस्था छ। निर्माण व्यवसायीले वि.ओ.क्यूमा उल्लेखित बीमा रकम अनुसार निम्न बीमा कम्पनीहरुको बीमा पोलिसी राखी रु.१,६३,००९। भुक्तानी लिएकोमा नियमानुसारको कर बीजक संलग्न गरेको देखिएन। मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ अनुसारको रितपूर्वकको कर विजक पेश गर्नुपर्ने रु.

| **निर्माण व्यवसायीको नाम** | **निर्माण कार्य** | **बीमा कम्पनीको नाम** | **रकम** |
|---|---|---|---|
| पल्लवी मल्टीपर्पोज कम्पनी प्रा.ली | १ नम्बर वडा कार्यालय भवन निर्माण | बीमा कम्पनीको पोलिसी गोश्वारा भौचरमा संलग्न नभएको | २८५३७ |
| प्रसुन निर्माण सेवा प्रा.ली | छबिसे नन्दुटार दुई पिपल रोड इम्प्रुभमेन्ट वडा नं.७ | प्रभु इन्स्यूरेन्स लिमिटेड | ७०००० |
| प्रसुन निर्माण सेवा प्रा.ली | साधिखोला भट्टगाँउ बाघखोर सडक सुधार | नेपाल इन्स्यूरेन्स कम्पनी | ६४४७२ |
| जम्मा | | | १६३००९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६३,००९ |

४७ **उपभोक्ता समितिमार्फत कार्य**

४७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न २७३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु १२४५७९०००। भुक्तानी गरेको छ ।यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन् ।

- उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको
- उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/ गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन
- यो वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा नक्सा पेश गरेको देखिएन
- पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने ,र त्यसको लेखापरीक्षण गराउनुपर्ने,उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन ।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

४७.२ **आनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको जनसहभागिताको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले निम्न उपभोक्ता समितिलाई भुक्तानी गर्दा कार्य सम्पादन मूल्याङ्कनबाट उपभोक्ता समितिको जनसहभागिताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेकोले रु.२९,५३५। बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| गो.भौ.नं.मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिका अध्यक्ष र सचिवको नाम | जम्मा लागत अनुमान | जनश्रमदान | कार्यालयले व्यहोर्ने अंश | कार्यसम्पन्न प्रतिवेदन अनुसारको जम्मा रकम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| २३-२०८१।६।१२ | विपद व्यवस्थापन उपभोक्ता समिती | अध्यक्ष फाल्गुनी प्रसाद सापकोटा र दिलिप तामाङ्ग | २३०४६९. | ३८४६९. | १९२००० | १५२००० | १२६६२९ | १५२००० | २५३७१ |
| ३०-२०८१।६।१७ | सडक बत्ती वडा नं.८ उ.स | अध्यक्ष गुरु प्रसाद नेपाल र सचिव सविता पौड्याल | ११५१७० | १९१७० | ९६००० | ११०१७५ | ९१८३६ | ९६००० | ४१६४ |
| | जम्मा | | | | | | | | २९५३५ |

| असुल गर्नुपर्ने | २९,५३५ |
|---|---|

४७.३ **निर्माण व्यवसायीको प्रयोग–** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीबाट काम गराई कार्यालयको लागत अनुमान बरावरनै निर्माण व्यवसायीको डोजर विल राखी भुक्तानी दिने गरेको देखियो ।नमुना छनौटको

आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो। उपभोक्ता समितिले श्रम योगदान नगरेवाट कार्यालयले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसँग सम्झौता गरेको, उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीले गर्ने गरेको देखियो। लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी प्राविधिकबाट सिफारिश भएको अवस्थामा मात्र सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेमा योजनाका उपभोक्ता समितिहरुले प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको देखिएन। श्रमदान नहुने यस प्रकारका निर्माण कार्यहरुमा उपभोक्ता समिति संलग्न गराई खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| गोश्वारा भौचर र मिति | योजना | निर्माण व्यवसायीको नाम | लागत अनमान | निमाण व्यवसायीको विल रकम | कार्यालय अंश | भुक्तानी |
|---|---|---|---|---|---|---|
| ११-२०८१।६।७ | सिग्देलटोलदेखी रानीटार सम्मको सडक निर्माण उ.स | के.आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स र प्रविक एण्ड प्रतिक कन्स्ट्रक्सन प्रा.ली | ४६७९८०।७५ | ४२३३२० | ३८४००० | ३८४००० |
| ३४,३५-२०८१।६।२० | वडा नं.८ मा निर्मित सडकहरुको मर्मतसम्भार | बिगो कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ३००८८८ | ३१०९९२ | २५०००० | २३९१८५ |
| २२-२०८१।६।१२ | दियाले सिर्खोरिया सडक ग्रावेल उ.स | कुमार निर्माण सेवा | ३४५९०३ | ३३६०४६ | २८८००० | २८७००० |
| ५१-२०८१।८।१० | प्रहरी चौकी बाघखोर सिरानटोल सडक निर्माण बेलकोटगढी ९ | कुमार निर्माण सेवा | ३३९२६१ | ३०५९९९ | २८८००० | २८८००० |
| ५३-२०८१।८।१३ | वडा नं.५ मा निर्मित सडकको मर्मत सम्भार उ.स | प्रसिद्धी निर्माण सेवा | ६७८०१७ | ६६५३४४ | ५७६००० | ५७६००० |

| | |
|---|---|
| अनियमित भएको | १७,७४,१८५ |

४७.४ **जटिल संरचना निर्माण**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माणका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कार्यालयले निम्नानुसारका भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउंदा सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । त्यस्तै सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने, कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ। अत: यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३६२-२०८२।२।१३ | शहिद स्मृति भवन खडकरे खोला ११ उ.स | भवन निर्माण | ४७३४१८ |
| २९२-२०७२।१।२५ | मोक्तान ठेल बस्ती खा.पा ट्याङ्की धारा निर्माण उ.स | खानेपानी ट्याङ्की निर्माण | ४७१७३१ |

४७.५ **उपभोक्ता समिति मार्फत खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनाहरुमा आवश्यक पर्ने पाईप तथा फिटिङ्स सामग्रीहरुको योजनागत लागत बनाई कार्यालयले प्रतिस्पर्धाको आधारमा खरिद गरी आवश्यक

